**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:01.04.2024**

---

**ओपनिङ इलेक्सन**

राज्यको एकमात्र लोकसभा सीट र बत्तीस विधानसभा निर्वाचन क्षेत्रको यसै महीना उन्नाइस तारीक हुने चुनाउका लागि राजनीतिक गतिविधिहरू तीव्र भएका छन्।

एकातिर नामाङ्कन प्रक्रिया समाप्त भएर चुनाउ लड़ने उम्मेदवारहरूको नाउँ निश्चित भएपछि सबै राजनीतिक पार्टीका प्रत्याशीहरू चुनाउ प्रचार अभियान व्यस्त छन् भने अर्कातिर निर्वाचन विभाग र राज्य प्रशासन पनि स्वतन्त्र शान्तिमय र सुचारू रूमा चुनाउ सम्पन्न गराउने कार्यमा जुटेका छन्।

**फाइनल ट्रेनिङ पोस्टल बेल्लट भोटिङ**

आम चुनाउ 2024 मा डाक मतपत्रद्वारा मतदानका लागि नियुक्त अधिकारीहरूको अन्तिम प्रशिक्षण सत्र गान्तोकको बुर्तुक स्थित राज्य शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद एससिइआरटी हलमा आज आयोजित भयो।

यसमा बोल्दै गान्तोकका अतिरिक्त जिल्लाधीश श्री रोहन अगवानेले सुविधा केन्द्र र डाक मतदान केन्द्रमा डाक मतपत्र सम्वन्धी प्रक्रियावारे जानकारी दिनुभयो।

उहाँले यस्ता केन्द्रहरूको भूमिकाबारे पनि अवगत गराउनुभयो।

उल्लेखनीय छ गान्तोकमा सरकारी कर्मचारीहरूका लागि डाक मतपत्रद्वारा मतदान यसै महीना नौ तारीकदेखि चौध अप्रेलसम्म तीनवटा स्थान बुर्तुक स्थित जिल्ला शैक्षिक प्रशिक्षण संस्थान डाइट(DIET) कालेज पाल्जोर स्टेडियम र गान्तोक नगर निगम हलमा हुनेछ।

**गान्तोक डिसी मिटिङ**

अर्कोतिर गान्तोकका जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री तुषार जी निखरेले आज जिल्ला प्रशासनिक केन्द्र सिच्छेमा गान्तोक जिल्ला अन्तर्गत डाक मतदान सम्वन्धमा विभिन्न सम्वनाधित विभागका अध्यक्षता गर्नुभयो।

यसमा जिल्लाधीशले सुविधा केन्द्र र डाक मतदान प्रक्रियाका बेला पुलिस कर्मीहरूको तयारीको मूल्याङ्कन गर्नुभयो।

उहाँले डाक मतपत्र गणना प्रक्रिया र  डाक मतदान गर्ने दिनमा डाक मतपत्र आंबटनबारे विस्तृत रूपमा जानकारी दिनुभयो।

जिल्लाधीशले पुलिस अधिकारीहरूलाई डाक मतदान प्रक्रियाको समयमा वाहन परिचालनबारे पनि अवगत गराउनुभयो।

**पाक्योङ ट्रेनिङ**

पाकिम रर्वन परिसरको सम्मेलन हलमा पनि आज होम भोटिङ प्रक्रियालाई लिएर प्रशिक्षण कार्यक्रम आयोजित भयो।

कार्यक्रमको अध्यक्षता गर्दै जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले होम भोटिङ टीममा संलग्न अधिकारीहरूका जिम्मेवारीबारे अवगत गर्दै मतदान दिवस नजीकै आइरहेको कुरोलाई ध्यानमा राखेर सतर्क रहने आग्रह गर्नुभयो।

डाक मतपत्र सम्वन्धमा बताइए अनुसार विधानसभा समष्टिका लागि गुलाबी रङ्गको फारम र संसदीय समष्टिका लागि सेतो रङ्गको फारम प्रयोग गरिनेछ।

**मंगन ट्रेनिङ**

प्रशिक्षणकै क्रममा मंगन जिल्ला प्रशासनिक केन्द्रमा पनि आज मंगन जिल्ला अन्तर्गत सुविधा केन्द्र टोली पिभिसी टीम र होम भोटिङ टीमका लागि प्रशिक्षण आयोजन गरियो।

यसमा बोल्दै जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री हेम कुमार छेत्रीले स्वतन्त्र र स्वच्छ चुनाउ प्रक्रिया सुनिश्चित गर्न सबै प्रशिक्षणार्थीहरूले आ आफ्ना जिम्मेवारी बुझ्नुपर्ने आश्यकतामाथि जोड़ दिनुभयो।

उहाँले प्रशिक्षणार्थीहरूसित पोस्टल बेल्लट र होम भोटिङ सम्बन्धमा पूर्ण जानकारी राख्ने आग्रह गर्नुभयो।

आफ्नो वक्तव्यमा जिल्ला स्तरीय प्रमुख प्रशिक्षक श्री पाल्देन लाचुङपाले सबै टीमलाई सुविधा केन्द्रहरूको कार्य र तयारी सम्वन्धमा सुविधा केन्द्रहरूको कार्य र तयारी सम्वन्थमा उनीहरूको भूमिका तथा दायित्ववारे अवगत गराउनु भयो।

मदाताहरूको गोपनीयता सुनिश्चित गर्नुपर्ने खाँचोमाथि बल दिँदै उहाँले मतदाताहरूसित पनि सबै प्रक्रियाबारे जानकारी राख्ने आग्रह गर्नुभएको छ।

श्री लाचुङपाले डाक मतपत्रका विभिन्न फारमहरू र भारतको निर्वाचन आयोगको दिशानिर्देश आधारित होम भोटिङ प्रक्रियाबारे पनि प्रकाश पार्नुभयो।

पचासी वर्ष भन्दा बढ़ी उमेरका वरिष्ठ नागरिकहरू र चालिस प्रतिशत विकलांगता भएका दिब्याङ्गजनले घरैबाट मतदान गर्ने अर्थात होम भोटिङ सुविधाको उपभोग गर्न सक्नेछन्। बताइन्छ सुविधा केन्द्रहरू नौदेखि चौध अप्रेलसम्म संचालित हुनेछन्।

**पेन्टिङ कम्पिटिसन**

मुख्य निर्वाचन अधिकारी कार्यालय सिक्किमले आगामी आम चुनाउलाई ध्यानमा राखेर ओभिया आर्ट सर्कल सिक्किमसित मिलेर मदताता जागरूकताका निम्ति व्यवस्थित मतदाता शिक्षा तथा मतदाता शिक्षा एसभिईईपी कार्यक्रमको रूपमा चित्रकला प्रतियोगिता आयोजित गर्यो।

यसको विषय थियो 'चुनाउ'। गान्तोकको जनता भवनमा गत शनिवार आयोजना गरिएको यो राज्य स्तरीय प्रतियोगितामा सबै जिल्लामा प्रत्येक उच्चतर माध्यमिक पाठशालामा आयोजित प्रतियोगीहरू सहभागी बने।

राज्य स्तरीय प्रतियोगितामा नाम्ची जिल्ला अन्तर्गत नाम्ची कन्या पाठशालाकी सुश्री अस्मी मंगर प्रथम र गान्तोक जिल्लाको होलीक्रस विद्यालयकी सुश्री नाङ्गशाल तामङ दोस्रो र नाम्ची जिल्लाकै याङगाङ उच्चतर माध्यमिक पाठशालाका रमेश राई तेस्रो भए।

कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै अतिरिक्त मुख्य निर्वाचन अधिकारी श्रीमती पेमा लाडेन लामाले मतदानको महत्व र भावी मतदाताको रूपमा विद्यार्थीहरूको जिम्मावारीबारे अवगत गराउनुभयो।

उहाँले सहभागी विद्यार्थीहरूलाई आ आफ्ना घर र समाजमा मतदानको सन्देश फैँजाउन प्रोत्साहित गर्नुभयो।

**ओडिसा दिवस –राजभवन**

गान्तोकको राजभवनमा आज ओडिसा स्थापना दिवस पालन गरियो।

एक भारत श्रेष्ठ भारतको भावना लिएर मनाइएको समारोहमा राज्यपालका सचिव श्री जिग्मीदोर्जी भुटिया अनि राजभवनका अधिकारी तथा कर्मचारीहरूको उपस्थिती थियो।

आफ्नो वक्तव्यमा श्री भुटियाले ओडिसा राज्यको विशेषता, इतिहास, प्राकृतिक संसाधन र भारतमा यसको स्थानबारे चर्चा गर्नुभयो।

उहाँले भन्नुभयो यस प्रकारको समारोहले राष्ट्रिय एकता बढ़ाउनमा सहयोग हुन्छ।